कर्णाली प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
स्वास्थ्य सेवा निर्देशनालय

# स्वास्थ्य सेवा कार्यालय

जाजरकोट
कर्णाली प्रदेश, नेपाल

फोन नं. ०८९–४३०१२०
०८९–४३०१८८

सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५ र सूचनाको हक सम्बन्धी नियमावली, २०६५ को नियम ३ बमोजिम सार्वजनिक गरिएको

## २०८३ बैशाख १ गते देखि २०८३ अषाढ मसान्त सम्ममा

सम्पादित प्रमुख क्रियाकलापहरुको विवरण

२०८३ स्रावण ६ गते, बुधवार ।

नि. कार्यालय प्रमुख

**सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५ को उपदफा (३) र (४) र सूचनाको हक सम्बन्धी नियमावली, २०६५ को नियम ३ बमोजिम प्रकाशन गरिएको विवरण ।**

**१. स्वास्थ्य सेवा कार्यालयको स्वरुप र प्रकृति**

नेपालको संविधानले आधारभुत स्वास्थ्य सेवालाई प्रत्येक नागरिकको मौलिक हकको रूपमा स्थापित गरेको छ । देश संघीय शासन प्रणालीमा गईसकेकाले संघीय संरचनाको बस्तुगत धरातलमा आधारित रहि गुणस्तरीय स्वास्थ्य सेवालाई सबै नागरिकको सर्वसुलभ पहुँच पुर्याउनु राज्यको दायित्व भित्र पर्दछ ।

देशमा संघीयता लागू भईसके पश्चात प्रदेश सरकारहरुले पनि स्वास्थ्य सेवा लगायत सामाजिक जिम्मेवारी वहन गर्न शुरु गरे संगै नागरिकलाई सर्वससुलभ र गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्ने प्रयोजनको लागि प्रचलित कानून बमोजिम स्थापित स्वास्थ्य संस्था हो । तत्कालिन अवस्थामा हुने गरेको औलो रोगको महामारी संगै नेपालमा कुनै न कुनै प्रकारले स्वास्थ्य सेवा शुरु गरेको देखिन्छ । २०३४ सालमा नेपालबाट विफर उन्मुलन भएको र तत् पश्चात स्वास्थ्य सेवा प्रदान गर्नको लागि विभिन्न प्रकारका स्वास्थ्य सेवाहरु छुट्टाछुट्टै शुरु भएको देखिन्छ ।

संघीय नेपालमा रहेको स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको स्थापना हुनु अघि वि.सं. १९९० सालमा स्वास्थ्य क्षेत्रको विभिन्न क्रियाकलापहरु समेटेर स्वास्थ्य सेवा विभागको स्थापना भएको थियो । २०११ सालमा स्वास्थ्य मन्त्रालयको स्थापना गरियो । स्वास्थ्य क्षेत्रका विभिन्न प्रकारका सेवाहरुलाई एकिकृत गरेर वि.सं. २०४४ सालमा स्वास्थ्य सेवा विभागलाई विगठन गरि सबै सेवाहरुलाई मन्त्रालयका महाशाखाको रुपमा समाहित गरियो । फेरी पछि २०५० सालमा स्वास्थ्य संरचनाहरुको फेरबदल गरि स्वास्थ्य सेवा विभागको पुनर्ठगन गरि सबै जिल्लाहरुमा जिल्ला स्वास्थ्य कार्यालयहरुको स्थापना गरियो । जिल्ला स्वास्थ्य कार्यालय स्थापना हुनु पूर्व २०४५ साल माघ महिना देखि जिल्ला अस्पतालले जाजरकोट जिल्लामा उपचारात्मक सेवाहरु शुरु गरेको थियो भने जिल्लामा प्राथमिक स्वास्थ्य केन्द्र, गर्खाकोट १ वटा तथा रोकायगाँउ (लिम्सा), सकला, खगेनकोट (दल्ली), ढिमे (घरङ्गा), जगतिपुर (कुदु), भुर, सिमा र दशेरामा गरि जम्मा ८ वटा स्वास्थ्य चौकीहरुबाट उपचारात्मक सेवाका साथै प्रबर्धनात्मक र प्रतिकारात्मक सेवाहरु दिइन्थ्यो ।

संघीय शासन व्यवस्था आएपछि जिल्लामा जिल्ला अस्पताल र स्वास्थ्य कार्यालय अलग अलग रहि अस्पतालले बढि उपचारात्मक कार्य गर्ने र प्रतिकारात्मक तथा प्रवर्धनात्मक सेवामा बढि कार्य गर्ने गरि स्वास्थ्य कार्यालयको संरचना बनाईयो । हाल देशभर यसै प्रकारका स्वास्थ्य संस्थाहरु रहेका छन् । तर कर्णाली प्रदेश सरकारले एकिकृत रुपमा सेवा पुर्याउने गरि स्वास्थ्य सेवा कार्यालयको व्यवस्था गरेको छ । स्थानीय तहहरुमा महिला सामुदायिक स्वास्थ्य स्वयम् सेविका, गाँउघर क्लिनिक, सामुदायीक स्वास्थ्य इकाई, शहरी स्वास्थ्य केन्द्र र आधारभुत स्थास्थ्य सेवा केन्द्रहरुका साथै अस्पतालहरु रहने व्यवस्था गरेको छ । ति संस्थाहरुले सबै प्रकारका प्राथमिक सेवाहरु दिने व्यवस्था मिलाईएको छ । आधारभुत अस्पताल, सेकेन्डरी अस्पताल, टर्सरी अस्पतालका साथै केन्द्रिय अस्पताहरुको व्यवस्था गरिएको छ । तर हाल जिल्लामा उल्लेखित संस्थाको साथै स्वास्थ्य चौकी, प्राथमिक स्वास्थ्य केन्द्र, जिल्ला अस्पतालको रुपमा नै स्वास्थ्य संस्थाहरुले काम गरिरहेका छन् ।

यस जिल्लामा ३ वटा नगरपालिका (भेरी, नलगाड र छेडागाड) र ४ वटा गाँउपालिका (बारेकोट, कुसे, जुनिचाँदे र शिवाललय) गरि जम्मा ७ वटा स्थानीय तहहरु रहेका छन् भने उक्त नगर तथा गाँउपालिका मध्ये बारेकोट गाँउपालिकाले आधारभुत अस्पताल, लिम्सा, नलगाड नगरपालिकाले आधारभुत अस्पताल, नलगाड (दल्ली) र छेडागाड नगरपालिकाले आधारभुत अस्पताल, छेडागाड स्थापना गरिसकेका छन् । कर्णाली प्रदेश सरकार सामाजिक विकास मन्त्रालय अन्तरगत रहेको यस कार्यालयले मुलतः जिल्लामा नागरिकको गुणस्तरीय स्वास्थ्य सेवा प्रदान लगायत जनचेतनामुलक समेतका कार्य गर्दै कर्णाली प्रदेश सरकारको प्रतिनीधीको रुपमा र स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको पनि सम्पर्क कार्यालयको रुपमा रहि स्वास्थ्यसंग सम्बन्धित सार्वजनिक सेवा वितरणलाई प्रभावकारी बनाई सर्वसुलभ र गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्ने कार्यहरु गर्ने गर्दछ । यस कार्यालय अन्तरगत रहेको आयुर्वेद शाखा हाल छुट्टिएर अलगै कार्यालयको रुपमा स्थापना भई काम शुरु गरेको छ । हाल यस कार्यालय अन्तरगत तीन वटा शाखाहरु मात्र रहेका छन् । ति ३ वटा शाखाहरु मध्ये जनस्वास्थ्य तथा परिवार कल्याण शाखाले खासगरि प्रतिकारात्मक र प्रवर्धनात्मक स्वास्थ्य सेवाहरु दिंदै आइरहेको छ भने उपचार सेवा शाखा (जाजरकोट जिल्ला अस्पताल) ले उपचारात्मक सेवा दिंदै आईरहेको छ । सामान्य प्रशासन शाखाले कार्यालयको



नि. कार्यालय प्रमुख

आर्थिक तथा प्रशासनिक भुमिका निर्वाह गर्दै आईरहेको छ। हाल स्वास्थ्य सेवा कार्यालयले आफ्नै नवनिर्मित ५० शैयाको भवनमा सम्पूर्ण कामकाजका साथै सेवा प्रदान गर्दै आईरहेको छ।


## २. हाल जिल्लामा रहेका स्वास्थ्य संस्थाहरुको विवरण

| सि.नं. | विवरण | भेरी | नलगाड | छेडागाड | बारेकोट | कुशे | जुनिचाँदे | शिवालय | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | सरकारी अस्पताल | १ | ० | ० | ० | ० | ० | ० | १ |
| २ | आधारभुत अस्पताल/नगर अस्पताल | ० | १ | १ | १ | ० | ० | ० | ३ |
| ३ | निजी अस्पताल | ० | ० | ० | ० | ० | ० | ० | ० |
| ४ | प्राथमिक स्वास्थ्य केन्द्र | ० | ० | ० | ० | ० | १ | ० | १ |
| ५ | स्वास्थ्य चौकी | ५ | ५ | ६ | ३ | ५ | ३ | ३ | ३० |
| ६ | बर्थिङ्ग सेन्टर | ६ | ६ | ७ | ४ | ५ | ४ | २ | ३४ |
| ७ | सामुदायिक स्वास्थ्य इकाई | ० | ४ | १ | ५ | ० | ११ | ० | २१ |
| ८ | शहरी स्वास्थ्य केन्द्र | ० | ० | ० | ० | ० | ० | ० | ० |
| ९ | आधारभुत स्वास्थ्य सेवा केन्द्र | ७ | ७ | ८ | ५ | ४ | ७ | ६ | ४४ |
| १० | गाँउघर क्लिनिक | १२ | ९ | १८ | ५ | १७ | ० | ० | ६१ |
| ११ | खोप क्लिनिक | २४ | २२ | ३० | १७ | २० | २२ | १३ | १४८ |
| १२ | सामुदायिक महिला स्वास्थ्य स्वयम् सेविका | ३६ | ४५ | ५२ | ३६ | ३८ | ३६ | २९ | २७२ |
| १३ | पोलिक्लिनिक | ० | ० | १ | ० | ० | ० | २ | ३ |
| १४ | डाइग्नोस्टिक सेन्टर | १ | ० | ० | १ | २ | ० | ० | ४ |
| १५ | BEONC Site | ० | ० | १ | १ | ० | १ | ० | ३ |
| १६ | CEONC Site | १ | ० | ० | ० | ० | ० | ० | १ |
| १७ | निजी औषधी पसल | ० | ७ | १५ | ३ | ११ | ७ | ४ | ४७ |
| १८ | क्षयरोग डट्स सेन्टर | १४ | ६ | ७ | ४ | ५ | ४ | ३ | ४३ |
| १९ | आइ.यु.सि.डी. सेवा प्रदायक स्वास्थ्य संस्था | ३ | १ | १ | १ | १ | १ | १ | ९ |
| २० | ईम्प्लान्ट सेवा प्रदायक स्वास्थ्य संस्था | ३ | ३ | ५ | ३ | १ | ४ | १ | २० |
| २१ | ५ वटै अस्थाई परिवार योजना सेवा प्रदान गर्ने स्वास्थ्य संस्था | ३ | १ | १ | १ | १ | ३ | १ | ११ |
| २२ | आइयूसिडी सेवा प्रदायकको संख्या | ३ | २ | २ | १ | १ | ३ | १ | १३ |
| २३ | इम्प्लान्ट सेवा प्रदायकको संख्या | १२ | ५ | ९ | ५ | १ | ६ | १ | ३९ |

नि. कार्यालय प्रमुख

प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
स्वास्थ्य सेवा निर्देशनालय
स्वास्थ्य सेवा कार्यालय
जाजरकोट

**जनसंख्या र स्वास्थ्य संस्थाहरु रहेको स्थान**




| | |
|---|---|
| स्थानीय तह | ७ |
| जिल्ला अस्पताल | १ |
| आधारभूत अस्पताल | ३ |
| प्राथमिक स्वास्थ्य सेवा केन्द्र | १ |
| स्वास्थ्य चौकी | ३० |
| आधारभूत स्वास्थ्य सेवा केन्द्र | ४४ |
| सामुदायिक स्वास्थ्य ईकाइ | १७ |
| **लक्षित जनसंख्या (२०८२/०८३)** | |
| कुल जनसंख्या | १९६३८१ |
| १ बर्ष मुनिको जनसंख्या | ४९१७ |
| २ बर्ष मुनिको जनसंख्या | ९६८४ |
| ५ बर्ष मुनिको जनसंख्या | २३०७० |
| अनुमानित जिवित जन्म संख्या | ४९१७ |
| अनुमानित गर्भवती महिला संख्या | ५७८८ |
| प्रजनन् उमेरका महिला संख्या | ५३२६३ |

## ३. स्वास्थ्य सेवा कार्यालयको काम, कर्तव्य र अधिकार

- प्रतिकारात्मक, प्रवर्धनात्मक, उपचारात्मक, पुनर्स्थापनात्मक तथा प्रशामक सेवा प्रदान गर्ने,
- स्वास्थ्य संग सम्बन्धित प्रणाली तथा पद्धतिको व्यवस्थापन र सञ्चालन गर्ने,
- जिल्लाको स्वास्थ्य संस्था स्थापना, सञ्चालन तथा स्तरोन्नति गर्न सञ्चालन अनुमति दिने र सिफारिस गर्ने,
- अस्पताल विकास समितिले गरेका निर्णयहरुको कार्यान्वयन गर्ने,
- सम्बन्धित निर्देशिका बमोजिम स्वास्थ्य संस्था दर्ता तथा नविकरण गर्ने,
- महामारी व्यवस्थापन सम्बन्धि कार्य गर्ने,
- उपचार सेवा शाखाबाट दैनिक विरामी चेकजाँच, परामर्श तथा सार्वजनिक सेवा प्रवाह सम्बन्धि कार्य गर्ने,
- जिल्ला एम्बुलेन्स सञ्चालन तथा व्यवस्थापन सम्बन्धि कामकाज गर्ने,
- अन्य सम्बन्धित सरकारी तथा गैरसरकारी संस्थाहरुसंगको संस्थागत सहकार्य गरि कार्य गर्ने,
- आमा सुरक्षा/प्रसुति सेवा तथा विभिन्न प्रकारका विशेषज्ञ सेवा सम्बन्धी काम गर्ने,
- कार्यालयमा उपलब्ध जनशक्तिको परिचालन गरि सामान्य अपरेशनको काम गर्ने,
- HIV/AIDS, Malaria, TB, Leprosy रोगको उपचार, परामर्श तथा औषधी वितरण गर्ने,
- हिंसामा परेका महिलाहरुको मनोसामाजिक परामर्श (OCMC) सम्बन्धी काम गर्ने,
- जिल्लामा स्थापना भएका सरकारी तथा निजी स्वास्थ्य संस्थाहरुको सहयोगात्मक अनुगमन, निरीक्षण तथा सुपरिवेक्षण गरि पृष्ठपोषण गर्ने,
- स्थायी तथा अस्थायी परिवार योजना सम्बन्धी काम गर्ने,
- बाल स्वास्थ्य तथा खोप सम्बन्धी काम गर्ने,
- उपचार सेवा शाखाबाट शल्यक्रिया गर्ने,
- घाउजाँच केश र पोष्टमार्टम सेवा प्रदान गर्ने र प्रतिवेदन गर्ने,
- निरोगिताको प्रमाण– पत्र प्रदान गर्ने,
- नेपाल सरकार, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय तथा कर्णाली प्रदेश सरकार, सामाजिक विकास मन्त्रालयबाट निर्देशित अन्य कार्यहरु गर्ने,



**नि. कार्यालय प्रमुख**

प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
स्वास्थ्य सेवा निर्देशनालय
स्वास्थ्य सेवा कार्यालय

४. स्वास्थ्य सेवा कार्यालयमा रहने कर्मचारी दरवन्दी संख्या र पदपूर्तिको अवस्था

| सि.नं. | दर्जा | श्रेणी/तह | संख्या | पदपूर्ति | रिक्त | करार पूर्ति | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | स्वास्थ्य सेवा व्यवस्थापक | ९/१० | १ | ० | १ | ० | |
| २ | कन्सल्टेन्ट जनरल फिजिसियन | ९/१० | १ | ० | १ | ० | |
| ३ | कन्सल्टेन्ट सर्जन | ९/१० | १ | ० | १ | ० | |
| ४ | कन्सल्टेन्ट अब्स्टेट्रिसियन एण्ड गाइनेकोलोजिष्ट | ९/१० | १ | ० | १ | ० | |
| ५ | कन्सल्टेन्ट पेडियाट्रिसियन | ९/१० | १ | ० | १ | ० | |
| ६ | अर्थोपेडिक सर्जन | ९/१० | १ | ० | १ | ० | |
| ७ | कन्सल्टेन्ट एनेस्थेसियोलोजिष्ट | ९/१० | १ | ० | १ | ० | |
| ८ | मेडिकल अधिकृत | ८ | ५ | ५ | ० | ० | |
| ९ | डेन्टल सर्जन | ८ | १ | १ | ० | ० | |
| १० | मेडिकल ल्याब टेक्नोलोजिष्ट | ७/८ | १ | १ | ० | ० | |
| ११ | रेडियोग्राफी टेक्नोलोजिष्ट | ७/८ | १ | १ | ० | ० | |
| १२ | जनस्वास्थ्य अधिकृत | ७/८ | १ | १ | ० | ० | |
| १३ | हेल्थ असिष्टेन्ट वा सो सरह | ५/६/७ | ३ | ३ | ० | ० | हाल १ जना अध्ययन बिदा |
| १४ | स्टाफ नर्स | ५/६/७ | ८ | ८ | ० | ० | |
| १५ | एनेस्थेसिया सहायक | ५/६/७ | १ | १ | ० | ० | |
| १६ | फिजियोथेरापी सहायक | ५/६/७ | १ | १ | ० | ० | |
| १७ | ल्याब टेक्निसियन | ५/६/७ | २ | २ | ० | ० | |
| १८ | रेडियोग्राफर | ५/६/७ | १ | १ | ० | ० | हाल अध्ययन बिदा |
| १९ | फार्मेसी सहायक | ५/६/७ | १ | १ | ० | ० | |
| २० | मेडिकल रेकर्डर सुपरभाईजर | ५/६/७ | १ | १ | ० | ० | हाल कपिलवस्तुमा कामकाज |
| २१ | पब्लिक हेल्थ नर्स | ५/६/७ | १ | १ | ० | ० | |
| २२ | तथ्याङ्क सहायक/अधिकृत | ५/६ | १ | १ | ० | ० | |
| २३ | सहायक/अधिकृत (प्रशासन) | ५/६ | १ | १ | ० | ० | |
| २४ | लेखा सहायक/अधिकृत | ५/६ | १ | १ | ० | ० | |
| २५ | अ.हे.व. | ४/५/६ | ३ | ३ | ० | ० | |
| २६ | अ.न.मी. | ४/५/६ | ३ | ३ | ० | ० | |
| २७ | ल्याब असिष्टेन्ट | ४/५/६ | १ | १ | ० | ० | |
| २८ | डार्क रुम असिष्टेन्ट | ४/५/६ | १ | १ | ० | ० | |
| २९ | कोल्ड चेन असिष्टेन्ट | ४/५/६ | १ | १ | ० | ० | |
| ३० | हलुका सवारी चालक | विहिन | ३ | ० | ३ | २ | |
| ३१ | कार्यालय सहयोगी | विहिन | ११ | ० | ११ | १० | |
| | | जम्मा | ६१ | ४० | २१ | १२ | |

दरबन्दि नभएका कार्यरत कर्मचारीहरुको विवरण

| अस्पताल विकास समिति करार | | | | |
|---|---|---|---|---|
| सि.नं. | दर्जा | श्रेणी/तह | कार्यरत संख्या | कैफियत |
| १ | फार्मेसी सहायक | ५ | १ | |



नि. कार्यालय प्रमुख

| | | | | |
|---|---|---|---|---|
| २ | अ.हे.व. | ४ | २ | |
| ३ | ल्याब असिष्टेन्ट | ४ | १ | |
| ४ | प्रशासन सहायक | ४ | २ | |
| ५ | बिमा सहजकर्ता | ४ | १ | |
| | | **जम्मा** | ७ | |

**दरबन्दि नभएका कार्यरत कर्मचारीहरुको विवरण**

| **कार्यक्रम तथा अन्य करार** | | | | |
|---|---|---|---|---|
| **सि.नं.** | **दर्जा** | **श्रेणी/तह** | **कार्यरत संख्या** | **कैफियत** |
| १ | कन्सल्टेन्ट जनरल फिजिसियन | ९ | १ | |
| २ | कन्सल्टेन्ट सर्जन | ९ | १ | |
| ३ | कन्सल्टेन्ट पेडियाट्रिसियन | ९ | १ | |
| ४ | मेडिकल अधिकृत | ८ | १ | |
| ५ | अस्पताल व्यवस्थापन अधिकृत | ७ | १ | |
| ६ | हेल्थ असिष्टेण्ट | ५ | १ | |
| ७ | स्टाफ नर्स | ५ | ४ | |
| ८ | ल्याब टेक्निसियन | ५ | १ | |
| ९ | रेडियोग्राफर | ५ | १ | |
| १० | बायोमेडिकल टेक्निसियन | ५ | १ | |
| ११ | सहायक कम्प्युटर अपरेटर | ४ | १ | |
| १२ | अ.हे.व. | ४ | २ | |
| १३ | अ.न.मी. | ४ | १ | |
| १४ | सहजकर्ता | ४ | १ | |
| १५ | कार्यालय सहयोगी | विहिन | ७ | |
| | | **जम्मा** | २५ | |

**दरबन्दि नभएका कार्यरत कर्मचारीहरुको विवरण**

| **छात्रवृत्ती करार तथा अन्य करार** | | | | |
|---|---|---|---|---|
| **सि.नं.** | **दर्जा** | **श्रेणी/तह** | **कार्यरत संख्या** | **कैफियत** |
| १ | मेडिकल अधिकृत | ८ | ४ | |
| २ | नर्सिङ्ग अधिकृत | ७ | २ | |
| | | **जम्मा** | ६ | |

## ५. स्वास्थ्य सेवा कार्यालयबाट प्रदान गरिने सेवाहरु

क) जनस्वास्थ्य तथा परिवार कल्याण शाखाबाट प्रदान गरिने सेवाहरु तथा सञ्चालन गरिने कार्यक्रमहरु

- खोप वितरण तथा खोप संग सम्बन्धित सेवा,
- पोषण तथा बालस्वास्थ्य सेवा सम्बन्धी कार्यक्रमहरु सञ्चालन,
- परिवार योजना र सुरक्षित मातृत्व सेवा सम्बन्धी कार्यक्रमहरु सञ्चालन,
- रोग नियन्त्रण सेवा,
- महामारी व्यवस्थापन सेवा,
- जिल्ला स्तरीय तथ्याङ्क व्यवस्थापन कार्यक्रम,



नि. कार्यालय प्रमुख

- स्वास्थ्य शिक्षा, सूचना तथा सञ्चार सम्बन्धी कार्यक्रमहरु,
- तालिम, अभिमुखिकरण तथा आवधिक समिक्षा सञ्चालन,
- सरकारी तथा गैरसरकारी संस्थाहरुको समन्वय तथा कार्यक्रम सञ्चालन,
- प्रदेश र स्थानीय तह तथा अन्तरगतका निकाय तथा निजी स्वास्थ्य संस्थाहरुको अनुगमन, मुल्याङ्कन तथा पृष्ठपोषण,

ख) उपचार सेवा शाखाबाट प्रदान गरिने सेवाहरु तथा सञ्चालन गरिने कार्यक्रमहरु

- सेवाग्राही मूलदर्ता सेवा,
- बिरामीको नियमित जाँच तथा उपचार,
- बिरामी भर्ना तथा उपचार व्यवस्थापन,
- आकस्मिक सेवा,
- प्रयोगशाला सेवा,
- अल्ट्रासाउण्ड सेवा,
- ई.सि.जी. सेवा,
- एक्स रे सेवा,
- औषधी वितरण सेवा (निःशुल्क),
- अस्पताल फार्मेसी सेवा (सःशुल्क),
- प्रसुति सेवा (सि.एस. सेवा समेत),
- अपरेशन सेवा,
- कुपोषण सम्बन्धी उपचार सेवा,
- नियमित खोप सेवा,
- क्षयरोग/कुष्ठरोग उपचार सेवा,
- एच.आई.भि. जाँच सेवा,
- मेडिकल रेकर्ड सेवा,
- एन्टि रेविज खोप सेवा,
- स्वास्थ्य विमा सम्बन्धी सेवा,
- फिजियोथेरापी सेवा,
- मनोसामाजिक परामर्श सेवा,
- पोष्टमार्टम सेवा,
- अन्य सेवा ।

ग) सामान्य प्रशासन शाखाबाट प्रदान गरिने सेवाहरु तथा सञ्चालन गरिने कार्यक्रमहरु

- दैनिक सामान्य प्रशासन सम्बन्धी सेवा,
- भण्डार व्यवस्थापन सम्बन्धी सेवा,
- लेखा प्रशासन सम्बन्धी सेवा,
- विभिन्न सिफारिसहरु,
- निरोगिताको प्रमाण– पत्र लगायत अन्य प्रमाण– पत्र ।

## ६. सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारी/सम्बन्धित शाखा प्रमुख

| सि.नं. | शाखाको नाम | पद | जिम्मेवार पदाधिकारी | कार्य विवरण |
|---|---|---|---|---|
| १ | स्वास्थ्य सेवा व्यवस्थापकको कार्यकक्ष | नि. स्वास्थ्य सेवा व्यवस्थापक | डा. सुनिल पुन | स्वास्थ्य सेवा व्यवस्थापकको रुपमा जिल्लाको स्वास्थ्य क्षेत्रको कार्य र अन्य व्यवस्थापकीय भुमिका |
| २ | बहिरङ्ग विभाग | नि. स्वास्थ्य सेवा व्यवस्थापक | डा. सुनिल पुन | दैनिक बिरामी जाँच तथा उपचार, सर्जरी, |



नि. कार्यालय प्रमुख

| | | | | |
|---|---|---|---|---|
| | तथा आकस्मिक सेवा शाखा | एम.डि.जि.पी.<br>कन्सल्टेण्ट सर्जन<br>कन्सल्टेन्ट पेडियाट्रिसियन<br>मेडिकल अधिकृत<br>मेडिकल अधिकृत<br>मेडिकल अधिकृत<br>मेडिकल अधिकृत<br>मेडिकल अधिकृत<br>डेण्टल सर्जन<br>हेल्थ असिष्टेण्ट<br>हेल्थ असिष्टेण्ट<br>सि.अ.हे.व.<br>अ.हे.व.<br>अ.हे.व.<br>अ.हे.व.<br>का.स.<br>का.स.<br>का.स. | डा. भास्कर झा<br>डा. राहुल महासेठ<br>डा. ऋषिकेश रेग्मी<br>डा. अखिलेश झा<br>डा. जमुना मल्ल<br>डा. भुपेन्द्र बजगाई<br>डा. कृतिका बगाले<br>डा. शाँहादत अली<br>डा. सुमन पुडासैनी<br>विकास महर<br>राजेन्द्र जङ्ग शाह<br>झलक बहादुर चन्द<br>कृष्ण बहादुर शाही<br>रिता बुढाथोकी<br>सुरज सोनाम<br>पुर्ण बहादुर बि.क.<br>सुरेश शाही<br>लोकेन्द्र चन्द | ड्रेसिङ्ग, मुख र दाँत सम्बन्धी सेवा परामर्श सेवा प्रदान गर्ने । जटिल प्रकृतिका बिरामीहरुलाई प्रेषण गर्नुपर्ने अवस्था भए प्रेषण व्यवस्थापन गर्ने । |
| ३ | अन्तरङ्ग विभाग तथा प्रसुती कक्ष | स्टाफ नर्स<br>स्टाफ नर्स<br>स्टाफ नर्स<br>स्टाफ नर्स<br>स्टाफ नर्स<br>स्टाफ नर्स<br>स्टाफ नर्स<br>स्टाफ नर्स<br>स्टाफ नर्स<br>स्टाफ नर्स<br>स्टाफ नर्स<br>स्टाफ नर्स<br>अ.न.मी.<br>कार्यालय सहयोगी<br>कार्यालय सहयोगी<br>कार्यालय सहयोगी<br>कार्यालय सहयोगी<br>कार्यालय सहयोगी | पुजा ओली<br>विधि भण्डारी<br>मञ्जु कुमारी धामी<br>चेतना वली<br>गिता खड्का<br>रोशनी बि.क.<br>पत्रीका पुन<br>स्वस्थानी श्रेष्ठ<br>सुमी भण्डारी<br>यसुदा वली<br>पुजा डाङ्गी<br>सुजाता शाही<br>रञ्जना कार्की<br>पवित्रा डाङ्गी<br>राम कुमारी नेपाली<br>सिमा सुनार<br>निरज शर्मा<br>मान बहादुर शाही | अन्तरङ्ग विभागमा भर्ना भएका बिरामीहरुको जाँच, उपचार तथा व्यवस्थापन । |
| ४ | प्रशासन शाखा | बरिष्ठ सहायक (प्रशासन)<br>सहायक कम्प्युटर अपरेटर<br>कार्यालय सहयोगी<br>कार्यालय सहयोगी<br>कार्यालय सहयोगी<br>कार्यालय सहयोगी | भिम बहादुर पुन<br>एलिशा आर.सी.<br>रमेश वली<br>हजारी सिंह<br>बिष्णु रावल<br>बिमला राना | दैनिक प्रशासनिक कामकाज तथा अन्य तोकिएको तथा नतोकिएको कामकाज |
| ५ | आर्थिक प्रशासन शाखा | लेखा सहायक | निराजन बि.सी. | आर्थिक कारोवार तथा राजश्व सम्बन्धी कामकाज |
| ६ | भण्डार शाखा | बरिष्ठ सहायक (प्रशासन) | भिम बहादुर पुन | औषधी तथा औषधीजन्य सामाग्रीहरुको माग, |

प्रदेश सरकार सामाजिक विकास मन्त्रालय स्वास्थ्य सेवा निर्देशनालय स्वास्थ्य सेवा कार्यालय जाजरकोट



नि. कार्यालय प्रमुख

| | | | | |
|---|---|---|---|---|
| | | कार्यालय सहयोगी<br>कार्यालय सहयोगी | भिम बहादुर खत्री<br>रमेश वली | वितरण तथा व्यवस्थापनका साथै ई.एल.एम.आई.एस. सम्बन्धी कामकाज |
| ७ | प्रयोगशाला शाखा | मेडिकल ल्याव टेक्नोलोजिष्ट<br>ल्याब टेक्निसियन निरीक्षक<br>ल्याब टेक्निसियन<br>ल्याब टेक्निसियन<br>ल्याब असिष्टेण्ट<br>ल्याब असिष्टेण्ट<br>कार्यालय सहयोगी | बीरेन्द्र सिंह भण्डारी<br>कृष्ण बहादुर खत्री<br>बिकास गुप्ता<br>हरिकला सिंह<br>संजय साह<br>कमला रावल<br>धना कुमारी शाही | प्रयोगशालामा आएका बिरामीहरुको दैनिक नमूना सङ्कलन, परिक्षण र रेकर्डिङ्ग तथा रिपोर्टिङ्ग |
| ८ | एक्स–रे शाखा | रेडियोग्राफी टेक्नोलोजिष्ट<br>ब. डार्करुम सहायक<br>रेडियोग्राफर | यज्ञश्वर बि.सी.<br>सुनित मगर<br>रमा लक्ष्मी उपाध्याय | एक्स–रे शाखामा आएका बिरामीहरुको दैनिक एक्स–रे गर्नुको साथै एक्स–रे सम्बन्धी सम्पूर्ण कामकाज |
| ९ | निःशुल्क फार्मेसी शाखा | अ.हे.व. | विनिता सिंह | निःशुल्क औषधी वितरण |
| १० | सशुल्क फार्मेसी शाखा | फार्मेसी सुपरभाईजर<br>फार्मेसी सुपरभाईजर<br>अ.हे.व.<br>अ.न.मी. | कृष्ण ढुंगाना<br>निराजन बिक्रम शाही<br>लाल बहादुर बस्नेत<br>बिमला बि.सी. | सुपथ मुल्यमा औषधी बिक्री वितरण, स्वास्थ्य बिमाबाट प्राप्त हुने औषधी वितरण समेत |
| ११ | अपरेशन थियटर | कन्सल्टेण्ट सर्जन<br>एनेस्थेसिया सहायक | डा. राहुल महासेठ<br>महेश खत्री | सर्जरी तथा एनेस्थेसिया सम्बन्धि सम्पूर्ण कामकाज |
| १२ | अल्ट्रासाउण्ड कक्ष | नि. स्वास्थ्य सेवा व्यवस्थापक<br>एम.डि.जि.पी.<br>कन्सल्टेण्ट सर्जन<br>कन्सल्टेन्ट पेडियाट्रिसियन<br>मेडिकल अधिकृत<br>मेडिकल अधिकृत<br>मेडिकल अधिकृत<br>मेडिकल अधिकृत<br>मेडिकल अधिकृत | डा. सुनिल पुन<br>डा. भास्कर झा<br>डा. राहुल महासेठ<br>डा. ऋषिकेश रेग्मी<br>डा. अखिलेश झा<br>डा. जमुना मल्ल<br>डा. भुपेन्द्र बजगाई<br>डा. कृतिका बगाले<br>डा. शाँहादत अली | अल्ट्रासाउण्ड सम्बन्धी सम्पूर्ण कामकाज |
| १३ | गर्भवती जाँच कक्ष र पोषण शाखा | एम.डि.जि.पी.<br>स्टाफ नर्स<br>अ.न.मी. | डा. भास्कर झा<br>पुजा वली<br>विपना वली | गर्भवती जाँच तथा पोषण सम्बन्धी सम्पूर्ण कामकाज |
| १४ | फिजियोथेरापी शाखा | फिजियोथेरापी सहायक | विमला सारु मगर | फिजियोथेरापी सम्बन्धी सम्पूर्ण कामकाज |
| १५ | आँखा उपचार शाखा | | | |
| १६ | खोप शाखा | कोल्ड चेन सुपरभाईजर<br>कार्यालय सहयोगी | शान्त बहादुर बुढाथोकी<br>शर्मलाल खत्री | जिल्लाको खोप भण्डारण, वितरण तथा व्यवस्थापन |
| १७ | नाम दर्ता तथा विलिङ्ग शाखा | स्वास्थ्य बीमा सहजकर्ता<br>प्रशासन सहायक<br>प्रशासन सहायक<br>का.स. | कृष्ण खड्का<br>जुना घर्ती<br>लक्ष्मण सिंह<br>प्रेम बहादुर वली | बिरामी पुर्जा, विलिङ्गका साथै रेकर्डिङ्ग तथा रिपोर्टिङ्ग सम्बन्धी कामकाज |



नि. कार्यालय प्रमुख

| | | | | |
|---|---|---|---|---|
| १८ | मेडिकल रेकर्डर शाखा | तथ्याङ्क अधिकृत | ...बहादुर घर्ती | मेडिकल रेकर्ड सम्बन्धी सम्पूर्ण कामकाज |
| १९ | अस्पताल व्यवस्थापन शाखा | अस्पताल व्यवस्थापन अधिकृत | लक्ष्मण उपाध्याय | अस्पताल व्यवस्थापन सम्बन्धी सम्पूर्ण कामकाज |
| २० | जनस्वास्थ्य तथा परिवार कल्याण शाखा | नि. स्वास्थ्य सेवा व्यवस्थापक<br>जनस्वास्थ्य अधिकृत<br>ल्याब टेक्निसियन निरीक्षक<br>जनस्वास्थ्य निरीक्षक<br>सि.अ.न.मी.नि.<br>तथ्याङ्क अधिकृत<br>प.हे.न.<br>कोल्ड चेन सुपरभाईजर | डा. सुनिल पुन<br>रमेश कार्की<br>कृष्ण बहादुर खत्री<br>सुर्य कार्की<br>जय कुमारी खड्का<br>टेक बहादुर घर्ती<br>मनिला कुमाल<br>शान्त बहादुर बुडाथोकी | खोप, परिवार योजना तथा सुरक्षित मातृत्व, सरुवा रोग तथा महामारी नियन्त्रण, पोषण, आई.एम.एन.सि.आई., तथ्याङ्क व्यवस्थापन, अनुगमन, मुल्याङ्कन, तालिम, समिक्षा, अभिमुखिकरण सम्बन्धी कामकाज |

७. **सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधी** (नागरिक वडापत्र अनुसार)

| सि.नं. | सेवा सुविधाको विवरण | सेवा सुविधा उपलब्ध हुने समय | लाग्ने समय | लाग्ने शुल्क |
|---|---|---|---|---|
| **क) उपचार सेवा शाखा (जाजरकोट जिल्ला अस्पताल)** | | | | |
| १ | सेवाग्राहीको नाम दर्ता | २४ सै घण्टा<br>(ओ.पि.डि. समयः कार्यालय खुल्ने दिन बिहान १०:०० बजे देखि साँझ ५:०० बजे सम्म र आकस्मिक सेवा समयः कार्यालय खुल्ने दिन साँझ ५:०० बजे देखि भोलिल्ट बिहान १०:०० बजे सम्म तथा कार्यालय बन्द रहने दिन २४ सै घण्टा) | बिरामीको चाप, पालो र प्राथमिकता अनुसार | नयाँ बिरामी ओ.पि.डि. दर्ता शुल्क रु. २५।–<br>नयाँ बिरामी आकस्मिक सेवा दर्ता शुल्क रु. ५०।–<br>पुरानो बिरामी दर्ता शुल्क रु. १०।– |
| २ | ओ.पि.डी. सेवा (General OPD) | बिहान १० बजे देखि बेलुकी ५ बजे सम्म<br><br>शुक्रबार १० बजे देखि दिउसो ३ बजे सम्म | बिरामीको चाप, पालो र प्राथमिकता अनुसार | निःशुल्क |
| ३ | एक्स–रे सेवा (X–Ray) | २४ सै घण्टा | पालो अनुसार (ईमर्जेन्सी बिरामीको हकमा तुरुन्तै) | रु. ४००।– |
| ४ | अल्ट्रासाउण्ड सेवा (USG) | आवश्यकता अनुसार २४ सै घण्टा | पालो अनुसार (ईमर्जेन्सी बिरामीको हकमा तुरुन्तै) | रु. ६००।– |
| ५ | प्रयोगशाला सेवा (Laboratory) | २४ सै घण्टा | नमूना दिएको १ घण्टा देखि २ घण्टा | प्रयोगशाला जाँचको प्रकृति अनुसार अस्पताल विकास समितिले गरेको निर्णय बमोजिम |
| ६ | फिजियोथेरापी सेवा (Physiotherapy) | सार्वजनिक बिदा बाहेक कार्यालय समय भित्र | पालो अनुसार (ईमर्जेन्सी बिरामीको हकमा तुरुन्तै) | फिजियोथेरापी सेवाको प्रकृति अनुसार अस्पताल विकास समितिले गरेको निर्णय बमोजिम |
| ७ | औषधी वितरण सेवा | सार्वजनिक बिदा बाहेक | पालो अनुसार | निःशुल्क |



नि. कार्यालय प्रमुख

| | | | | |
|---|---|---|---|---|
| | (निःशुल्क) | कार्यालय समय भित्र | (ईमर्जेन्सी बिरामीको हकमा तुरुन्तै) | |
| ८ | अस्पताल फार्मेसी सेवा (सःशुल्क) | २४ सै घण्टा | पालो अनुसार | विभिन्न औषधीहरुको निर्धारित दररेट अनुसार |
| ९ | दन्त सेवा (Dental OPD) | सार्वजनिक बिदा बाहेक कार्यालय समय भित्र | पालो अनुसार (ईमर्जेन्सी बिरामीको हकमा तुरुन्तै) | दन्त सेवाको प्रकृति अनुसार अस्पताल विकास समितिले गरेको निर्णय बमोजिम |
| १० | गर्भवती जाँच तथा उत्तर प्रसुती सेवा (ANC/PNC) | सार्वजनिक बिदा बाहेक कार्यालय समय भित्र | पालो अनुसार (ईमर्जेन्सी बिरामीको हकमा तुरुन्तै) | निःशुल्क |
| ११ | अन्तरङ्ग सेवा (Indor) | २४ सै घण्टा | तुरुन्तै | निःशुल्क |
| १२ | आकस्मिक सेवा (Emergency) | २४ सै घण्टा | तुरुन्तै | निःशुल्क |
| १३ | ई.सि.जी. सेवा (ECG) | आवश्यकता अनुसार २४ सै घण्टा | पालो अनुसार (ईमर्जेन्सी बिरामीको हकमा तुरुन्तै) | रु. ३००।– |
| १४ | प्रसुति सेवा | २४ सै घण्टा | बिरामी अनुसार जुनसुकै समयमा | निःशुल्क |
| १५ | CEONC सेवा | २४ सै घण्टा | बिरामी अनुसार जुनसुकै समयमा | निःशुल्क |
| १६ | सुरक्षित गर्भपतन सेवा (८ हप्ता भन्दा मुनिको गर्भपतन सेवा) | २४ सै घण्टा | बिरामी अनुसार जुनसुकै समयमा | निःशुल्क |
| १७ | खोप सेवा (राष्ट्रिय खोप तालिकामा उल्लेख भए बमोजिमका खोपहरु, विभिन्न खोप अभियानहरुमा प्रदान गरिने खोपहरु) | प्रत्येक महिनाको १५ गते, सो दिन सार्वजनिक बिदा परेमा त्यस दिनको भोलिपल्ट | पालो अनुसार | निःशुल्क |
| १८ | पोषण सेवा (बृद्धि अनुगमन, गर्भवती र सुत्केरी आमाहरुलाई आईरन चक्की वितरण, ५ बर्ष मुनिका बालबालिकाहरुलाई भिटामिन ए र जुका विरुद्धको औषधी वितरण, पोषण सम्बन्धी स्वास्थ्य शिक्षा तथा परामर्श, ५ बर्ष मुनिका शिघ्र तथा गम्भिर कुपोषित बालबालिकाहरुलाई RUTF वितरण) | सार्वजनिक बिदा बाहेक कार्यालय समय भित्र<br><br>(बृद्धि अनुगमन प्रत्येक महिनाको १० गते, सो दिन सार्वजनिक बिदा परेमा त्यस दिनको भोलिपल्ट) | पालो अनुसार | निःशुल्क |
| १९ | परिवार नियोजन सेवा | तोकिएको दिन | पालो अनुसार | निःशुल्क |



नि. कार्यालय प्रमुख

| | | | | |
|---|---|---|---|---|
| | (कण्डम, पिल्स, डिपो, ईम्प्लाण्ट, आई.यु.सी.डी र भ्यासेक्टोमी) | | | |
| २० | नवजात शिशु स्वास्थ्य सेवा | सार्वजनिक बिदा बाहेक कार्यालय समय भित्र | पालो अनुसार (ईमर्जेन्सी बिरामीको हकमा तुरुन्तै) | निःशुल्क |
| २१ | माइनर शल्यक्रिया सेवा (ड्रेसिङ्ग, सुचरिङ्ग, घाउ चिरफार र प्लाष्टर) | २४ सै घण्टा | पालो अनुसार (ईमर्जेन्सी बिरामीको हकमा तुरुन्तै) | शल्यक्रिया सेवाको प्रकृति अनुसार अस्पताल विकास समितिले गरेको निर्णय बमोजिम |
| २२ | शल्यक्रिया सेवा | २४ सै घण्टा | पालो अनुसार (ईमर्जेन्सी बिरामीको हकमा तुरुन्तै) | CS निःशुल्क, अन्य शल्यक्रिया सेवाको प्रकृति अनुसार अस्पताल विकास समितिले गरेको निर्णय बमोजिम |
| २३ | रक्तसंचार सेवा | २४ सै घण्टा | पालो अनुसार | निःशुल्क |
| २४ | एकद्वार संकट व्यवस्थापन तथा सामाजिक सुरक्षा सेवा | सार्वजनिक बिदा बाहेक कार्यालय समय भित्र | पालो अनुसार | निःशुल्क |
| २५ | मेडिकोलिगल सेवा | २४ सै घण्टा | पालो अनुसार (ईमर्जेन्सी बिरामीको हकमा तुरुन्तै) | निःशुल्क |
| २६ | एम्बुलेन्स सेवा | २४ सै घण्टा | पालो अनुसार (ईमर्जेन्सी बिरामीको हकमा तुरुन्तै) | तोकिएको दररेट अनुसार |
| २७ | स्वास्थ्य बीमा कार्यक्रम | २४ सै घण्टा | पालो अनुसार (ईमर्जेन्सी बिरामीको हकमा तुरुन्तै) | निःशुल्क |
| २८ | क्षयरोग तथा कुष्ठरोग परिक्षण, उपचार तथा परामर्श | सार्वजनिक बिदा बाहेक कार्यालय समय भित्र | पालो अनुसार | निःशुल्क |
| २९ | ५ बर्ष मुनिका बालबालिकाहरुको बालरोगको एकिकृत व्यवस्थापन (श्वासप्रश्वास रोग, झाडापखाला, कुपोषण, औलो, दादुरा, २० दिन भित्रका नवशिशुका स्वास्थ्य समस्याहरु | सार्वजनिक बिदा बाहेक कार्यालय समय भित्र | पालो अनुसार | निःशुल्क |
| ३० | मेडिकल रेकर्डर सेवा | सार्वजनिक बिदा बाहेक कार्यालय समय भित्र | तुरुन्तै | निःशुल्क |
| ३१ | रेविज खोप सेवा | २४ सै घण्टा | तुरुन्तै | निःशुल्क |
| ३२ | पोष्टमार्टम सेवा | बिहान ८:०० बजे देखि साँझ ६:०० बजे सम्म | काम शुरु भएको १ घण्टा भित्र | निःशुल्क |

**ख) जनस्वास्थ्य तथा परिवार कल्याण शाखा**



नि. कार्यालय प्रमुख

| | | | | |
|---|---|---|---|---|
| १ | स्टोर व्यस्थापन (औषधी तथा औषधीजन्य सामाग्रीहरु भण्डारण तथा जिल्ला अस्पताल र जिल्लाका सम्पूर्ण स्थानीय तहमा वितरण) | सार्वजनिक बिदा बाहेक कार्यालय समय भित्र | पालो अनुसार | निःशुल्क |
| २ | कोल्डचेन व्यवस्थापन (खोप तथा खोपजन्य सामाग्रीको उचित भण्डारण तथा जिल्ला अस्पताल र जिल्लाका सम्पूर्ण स्थानीय तहका स्वास्थ्य संस्थाहरुमा प्रत्येक महिना वितरण) | प्रत्येक महिनाको ९ गते, १० गते र १४ गते | पालो अनुसार | निःशुल्क |
| ३ | स्वास्थ्य व्यवस्थापन सूचना प्रणाली तथा तथ्याङ्क व्यवस्थापन (तथ्याङ्क अध्यावधिक, मासिक प्रतिवेदन, पृष्ठपोषण) | सार्वजनिक बिदा बाहेक कार्यालय समय भित्र | नियमित | निःशुल्क |
| ४ | जटिल प्रसुति, आकस्मिक सेवा र आपतकालिन अवस्थाका महिलाहरुको हवाई उद्दारका लागि सहजिकरण | २४ सै घण्टा | पालो अनुसार (ईमर्जेन्सी बिरामीको हकमा तुरुन्तै) | निःशुल्क |
| ५ | महामारी तथा प्रकोप व्यवस्थापन, पूर्वतयारी तथा प्रतिकार्य | २४ सै घण्टा | महामारी तथा प्रकोपको प्रकृति अनुसार | निःशुल्क |
| ६ | स्वास्थ्य शिक्षा, सूचना तथा सञ्चार र तालिम | कार्यालयको बार्षिक कार्यक्रम अनुसार | कार्यक्रमको प्रकृति अनुसार | निःशुल्क |
| ७ | लक्षित समूहका लागि प्रेशन तथा उपचार व्यवस्थापन | २४ सै घण्टा | तुरुन्तै | निःशुल्क |
| ८ | घुम्ति शिविर मार्फत स्वास्थ्य सेवा प्रवाह | कार्यालयको बार्षिक कार्यक्रम अनुसार | कार्यक्रमको प्रकृति अनुसार | निःशुल्क |
| ९ | जनस्वास्थ्य कार्यक्रमहरुको संयोजन, समन्वय तथा व्यवस्थापन (बालस्वास्थ्य, परिवार कल्याण, रोग नियन्त्रण, अन्य) | कार्यालयको बार्षिक कार्यक्रम अनुसार | कार्यक्रमको प्रकृति अनुसार | निःशुल्क |
| १० | स्वास्थ्य संस्थाहरुको सुपरिवेक्षण, अनुगमन तथा प्राविधिक सहयोग | कार्यालयको बार्षिक कार्यक्रम अनुसार | कार्यक्रमको प्रकृति अनुसार | निःशुल्क |
| ११ | निजी स्वास्थ्य संस्था | कार्यालयको बार्षिक | कार्यक्रमको प्रकृति | निःशुल्क |



प्रदेश सरकार सामाजिक विकास मन्त्रालय स्वास्थ्य सेवा निर्देशनालय स्वास्थ्य सेवा कार्यालय जाजरकोट

नि. कार्यालय प्रमुख

| | | | | |
|---|---|---|---|---|
| | सञ्चालनको अनुमती, नविकरण, अनुगमन र नियमन | कार्यक्रम अनुसार | अनुसार | |
| १२ | उजुरी तथा गुनासो व्यवस्थापन | सार्वजनिक बिदा बाहेक कार्यालय समय भित्र | उजुरी तथा गुनासोको प्रकृति अनुसार | नियमानुसार |
| ग) | **प्रशासन शाखा** | | | |
| १ | कर्मचारी प्रशासन, दैनिक प्रशासनिक कार्यहरु | सार्वजनिक बिदा बाहेक कार्यालय समय भित्र | तुरुन्तै | निःशुल्क |
| २ | आर्थिक प्रशासन | सार्वजनिक बिदा बाहेक कार्यालय समय भित्र | तुरुन्तै | निःशुल्क |

प्रदेश सरकार सामाजिक विकास मन्त्रालय स्वास्थ्य सेवा निर्देशनालय स्वास्थ्य सेवा कार्यालय जाजरकोट

## ८. निर्णय गर्ने प्रक्रिया र अधिकारी

क) निर्णय गर्ने प्रक्रिया

- सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ र नियमावली, २०६५, सरकारी निर्णय प्रक्रिया सरलीकरण निर्देशिका, २०६५ एवं सूचनाको हक सम्बन्धी ऐन, २०६४ लगायत प्रचलित कानून बमोजिम ।

ख) निर्णय गर्ने अधिकारी

- स्वास्थ्य सेवा व्यवस्थापक ।
- अधिकृतः स्वास्थ्य सेवा व्यवस्थापकबाट अधिकार प्रत्यायोजन भए बमोजिम ।

## ९. निर्णय उपर उजुरी सुन्ने अधिकारी

- प्रचलित कानून बमोजिम ।

**१०.सम्पादन गरेको मुख्य कामको विवरण** (२०८३ बैशाख १ गते देखि २०८३ अषाढ मसान्त सम्म तथा यस आ.व.को अन्त्य सम्म ईन्ट्री भएको अनुसार मात्र)

क) स्वास्थ्य सेवाको विवरण

| SN | 607 JAJARKOT (ServiceTypes) | Shrawan - Ashoj 2082 | Kartik-Poush 2082 | Magh-Chaitra 2082 | Baishak-Jesth 2083 |
|---|---|---|---|---|---|
| 1 | Immunization Program-Vaccine Type-Dose-Children Immunized-DPT-HepB-Hib-1st | 1003 | 1029 | 888 | 540 |
| 2 | CBIMCI <2Months-Total Cases | 163 | 101 | 75 | 39 |
| 3 | IMCI-Total sick childre- 2 to 59 Months-Female | 2838 | 1926 | 2232 | 1510 |
| 4 | IMCI-Total sick childre- 2 to 59 Months-Male | 3251 | 2290 | 2685 | 1765 |
| 5 | Nutrition-Registered for GM-New Visit 0-11 Months – Normal | 1103 | 934 | 869 | 541 |
| 6 | Nutrition-Registered for GM-New Visit 0-11 Months – Moderate | 7 | 3 | 5 | 2 |
| 7 | Nutrition-Registered for GM-New Visit 0-11 Months – Severe | 1 | 0 | 2 | 0 |
| 8 | Nutrition-Registered for GM-New Visit 12-23 Months – Normal | 2 | 10 | 37 | 23 |
| 9 | Nutrition-Registered for GM-New Visit 12-23 Months – Moderate | 0 | 0 | 0 | 0 |
| 10 | Nutrition-Registered for GM-New Visit 12-23 Months – Severe | 1 | 0 | 0 | 0 |
| 11 | Safe Motherhood Program-Antenatal | 219 | 310 | 328 | 213 |



नि. कार्यालय प्रमुख

प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
स्वास्थ्य सेवा निर्देशनालय
स्वास्थ्य सेवा कार्यालय
जाजरकोट

| | | | | | |
|---|---|---|---|---|---|
| | Checkup-First ANC Visit (any time)< 20 Years | | | | |
| 12 | Safe Motherhood Program-Antenatal Checkup-First ANC Visit (any time)≥ 20 Years | 633 | 744 | 765 | 454 |
| 13 | MNH-Delivery-By SHP | 4 | 12 | 27 | 13 |
| 14 | MNH-Delivery-By other health workers | 10 | 10 | 8 | 7 |
| 15 | MNH-Delivery Service-Skilled Birth Attendants (SBA)Facility | 887 | 699 | 559 | 384 |
| 16 | Family Planning Program-Temporary FP Method-Depo-New Users <20 Years | 81 | 48 | 127 | 61 |
| 17 | Family Planning Program-Temporary FP Method-Depo-New Users ≥20 Years | 1010 | 431 | 866 | 522 |
| 18 | Family Planning Program-Temporary FP Method-IUCD-New Users <20 Years | 0 | 0 | 0 | 0 |
| 19 | Family Planning Program-Temporary FP Method-IUCD-New Users ≥20 Years | 3 | 1 | 0 | 1 |
| 20 | Family Planning Program-Temporary FP Method-Implant-New Users <20 Years | 1 | 8 | 7 | 4 |
| 21 | Family Planning Program-Temporary FP Method-Implant-New Users ≥20 Years | 174 | 250 | 161 | 105 |
| 22 | Family Planning Program-Temporary FP Method-Pills-New Users <20 Years | 23 | 52 | 25 | 13 |
| 23 | Family Planning Program-Temporary FP Method-Pills-New Users ≥20 Years | 275 | 679 | 223 | 125 |
| 24 | Leprosy-Total Additions-New Cases Never Registered earlier-Multi Bacillary | 4 | 6 | 7 | 2 |
| 25 | TB-Age group-All New | 46 | 19 | 29 | 3091 |
| 26 | Malaria-Blood Slide Collection-PCD | 452 | 83 | 56 | 91 |
| 27 | Disaggregation by Sex & Caste/Ethnicity-Outpatient Cases | 35989 | 25026 | 27763 | 20437 |

ख) अस्पताल (जाजरकोट जिल्ला अस्पताल) बाट प्रदान गरिएको सेवाको विवरण

| SN | 607 JAJARKOT (Hospital Service Types) | Shrawan - Ashoj 2082 | Kartik-Poush 2082 | Magh-Chaitra 2082 | Baishak-jesth 2083 |
|---|---|---|---|---|---|
| 1 | Total OPD Visit (NEW) | 3614 | 2359 | 2515 | 1438 |
| 2 | Total Patient Admitted | 492 | 296 | 283 | 210 |
| 3 | Total X-Ray done | 742 | 486 | 1234 | 805 |
| 4 | Total USG done | 959 | 886 | 1006 | 682 |
| 5 | Total ECG done | 383 | 273 | 300 | 209 |
| 6 | Total Number of clients Served in MCH | | | | |
| 7 | Total Delivery Service | 62 | 83 | 83 | 44 |
| 8 | Total New Family Planning Service | 64 | 64 | 57 | 33 |
| 9 | Total Malaria Tested | 370 | 39 | 14 | 47 |
| 10 | Total Rehabilitation Service Provided | 56 | 77 | 56 | 37 |
| 11 | Total number of client served inOCMC | 60 | 49 | 48 | 37 |
| 12 | Total Service provided in Social Service Unit | 161 | 100 | 125 | 92 |



नि. कार्यालय प्रमुख

| | | | | | |
|---|---|---|---|---|---|
| 13 | Total Laboratory service Provided to person | 2022 | 1148 | 1110 | 1011 |

प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
स्वास्थ्य सेवा निर्देशनालय
स्वास्थ्य सेवा कार्यालय
जाजरकोट

**११. अन्य कामहरु**

क) सशर्त कार्यक्रमले तोकेका विभिन्न तालिम गोष्ठी तथा बैठकहरु,

ख) नियमित तोकिएका कामहरु ।

**१२. कार्यालय प्रमुख र सूचना अधिकारीको विवरण**

क) कार्यालय प्रमुखः

नामः डा. सुनिल पुन

पदः नि. स्वास्थ्य सेवा व्यवस्थापक

सम्पर्क फोन नंः ९८५८०६०१८८

ईमेल ठेगानाः hsojajarkot@gmail.com, pun2magar@gmail.com

ख) सूचना अधिकारीः

नामः कृष्ण बहादुर खत्री

पदः ल्याब टेक्निसियन निरीक्षक (अधिकृत छैठौं)

सम्पर्क फोन नंः ९८५८०८२१२०

ईमेल ठेगानाः bmhkrish@gmaiil.com

**१३. कार्यालयको आम्दानी/राजश्व सम्बन्धी विवरण** (२०८३ बैशाख १ गते देखि २०८३ असाढ मसान्त (चौथो त्रैमासिक रकम रु. हजारमा)

| क्र. स. | बजेट उपशिर्षक नम्बर | कार्यक्रम | जम्मा बजेट | चौथो त्रैमासिक खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|---|
| १ | ३५०९११२४३ | क्षयरोग नियन्त्रण कार्यक्रम | ५०६ | ३१३ | ६१.८६ |
| २ | ३५०९११२९३ | परिवार कल्याण कार्यक्रम | २८१५७ | ८२४७ | २९.२९ |
| ३ | ३५०९११३४३ | स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम | १०८६४ | १२५३ | ११.५३ |
| ४ | ३५०९११२८३ | स्वास्थ्य व्यवस्थापन कार्यक्रम | १४४० | ४५२ | ३१.३९ |
| ५ | ३५०९११२३३ | राष्ट्रिय स्वास्थ्य शिक्षा तथा सूचना केन्द्र | ३०० | २३२ | ७७.३३ |
| ६ | ३५०९११२७३ | महामारी रोग नियन्त्रण | ७२३ | ५०७ | ७०.१२ |
| ७ | ३५०९११२५३ | नर्सिङ तथा सामाजिक सुरक्षा कार्यक्रम | ४५३२ | १०३६ | २२.८६ |
| ८ | ३५०९११३५३ | उपचारात्मक सेवा कार्यक्रम | २३८० | ८४५ | ३५.५० |
| ९ | ३५०९११२६३ | अपाङ्गता रोगथाम तथा कुष्टरोग नियन्त्रण कार्यक्रम | १३५ | २१ | १५.५६ |
| १० | ३५०९११२०३ | एड्स तथा यौनरोग नियन्त्रण | २१० | १९० | ९०.४८ |
| ११ | ३५०९११२९४ | परिवार कल्याण कार्यक्रम | ७०० | ६७१ | ९५.८६ |
| १२ | ३५००२०१३३ | स्वास्थ्य सेवा कार्यालय | ५९२५१ | १७२६४ | २९.१४ |



नि. कार्यालय प्रमुख

| | | | | | |
|---|---|---|---|---|---|
| १३ | ३५००२०१३४ | स्वास्थ्य सेवा कार्यालय | ६१५० | ५३७७ | ८७.४३ |
| | | **जम्मा** | **११५३४८** | **३६४०८** | **३१.५६** |

**१४.स्वास्थ्य सेवा कार्यालय, जाजरकोटको बार्षिक वित्तीय प्रगति सारांश** (रकम रु. हजारमा)

| **चौथो त्रैमासिक पूँजिगत खर्च** | | | | |
|---|---|---|---|---|
| क. स. | स्रोत | जम्मा अख्तियारी | तेस्रो त्रैमासिक खर्च | खर्च प्रतिशत |
| १ | प्रेदश | ६१५० | ५३७७ | ८७.४३ |
| २ | संघ शसर्त अनुदान | ७०० | ६७१ | ९५.८६ |
| | **जम्मा** | **६८५०** | **६०४८** | **८८.२९** |
| **पहिलो त्रैमासिक चालु खर्च** | | | | |
| क. स. | स्रोत | अख्तियारी | खर्च | खर्च प्रतिशत |
| १ | प्रेदश | ५९२५१ | १७२६४ | २९.१४ |
| २ | संघ शसर्त अनुदान | ४९२४७ | १३०९६ | २६.५९ |
| | **जम्मा** | **१०८४९८** | **३०३६०** | **२७.९८** |
| **अन्य खाता तर्फको आम्दानी र खर्च विवरण** | | | | |
| क.स. | अन्य खाताहरु | आम्दानी | खर्च | बाँकी |
| १ | राजश्व | २१३६६१० | ० | २१३६६१० |
| २ | धरौटी | २५९७७२१.६१ | ८७८१८६ | १७१९५३५.६१ |
| **अस्पताल विकास समिति तर्फको आम्दानी (गत आ.व.को बाँकी) र तेस्रो त्रैमासिक आम्दानी/खर्च विवरण** | | | | |
| क. स. | क्रियाकलाप शिर्षक | आम्दानी | खर्च | बाँकी |
| १ | अस्पताल विकास समिति | १०७२३०४३ | १००१२८५१ | ७१०१९२ |
| २ | अस्पताल फार्मेसी | २८५९२८० | २७५८४७० | १००८१० |
| ३ | एम्बुलेन्स | ९८७१५३ | ९७४९१४ | १२२३९ |
| ४ | सामाजिक विमा | ७७२४४१८ | ७७१७४६६ | ६९५२ |
| ५ | आमा सुरक्षा | १६५१९३५ | १६५१०५८ | ८७७ |
| ६ | घर भाडा | – | – | – |
| ७ | विविध | – | – | – |

**१५.सूचनाको हक अन्तरगत सूचनाको हक माग्ने र पाउने विवरण**

क) स्थानीय सञ्चार माध्यमबाट संदेश प्रसारण,

ख) पत्रकारहरुसंग भेटघाट, छलफल तथा अन्तरक्रिया,

ग) वाल पेन्टिङ्ग, फ्लेक्स छपाईबाट स्वास्थ्य संदेश प्रकाशन तथा प्रसारण,

घ) माग भई आएमा नियमानुसार उपलब्ध आवश्यक तथ्याङ्कहरु उपलब्ध गराईने,

ङ) अन्तरवार्ता तथा अन्य जानकारीमुलक कार्यक्रमहरुबाट जानकारी प्रदान ।

नि. कार्यालय प्रमुख

१६.कार्यालयको वेवसाईट, सामाजिक सञ्जाल र सम्पर्क विवरण

कार्यालयको वेवसाईटः www.hsojajarkot.karnali.gov.np

कार्यालयको ईमेल ठेगानाः hsojajarkot@gmail.com

कार्यालयको सम्पर्क नंः ०८९– ४३०१२०

०८९– ४३०१८८

कार्यालयको सामाजिक सञ्जाल (Facebook Page): https://www.facebook.com/hsojajarkot

**सुचना अधिकारी**

दस्तखतः

नाम, थरः कृष्ण बहादुर खत्री

पदः ल्याब टेक्निसियन निरीक्षक (अधिकृत छैठौं)

**कार्यालय प्रमुख**

दस्तखतः नि. कार्यालय प्रमुख

नाम, थरः डा. सुनिल पुन

पदः नि. स्वास्थ्य सेवा व्यवस्थापक